भद्रपुर नगरपालिका

# स्थानीय राजपत्र

कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ६ भद्रपुर, असार ३१ गते, २०८० साल, संख्या १०

भाग २

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि, सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भद्रपुर नगरपालिकाको भारी सवारी साधन संचालन कार्यविधि २०८०

*स्वीकृत मिति २०८०/०३/२९*

*प्रमाणीकरण मिति २०८०/०३/३१*

# भारी सवारी साधन संचालन कार्यविधि २०८०

## प्रस्तावना

भद्रपुर नगरपालिकामा रहेका बारुणयन्त्र, रोलर, व्याक हो लोडर, ग्रेडर(क्याटर पिलर) वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, जस्ता सवारी साधनहरुलाई संचालन गर्दा निश्चित विधि बमोजिम संचालन गरी नगरपालिकाको आर्थिक स्रोतलाई थप बलियो बनाउन आवश्यक भएकाले "भारी सवारी साधन संचालन कार्यविधि २०८० बनाई लागु गरेको छ।

## भाग १

**१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ :**

(क) यो कार्यबिधिको नाम "भारी सवारी साधन संचालन कार्यविधि २०८०" रहेको छ।

(ख) यो कार्यबिधि भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रभरि लागु हुनेछ।

(ग) यो कार्यबिधि भद्रपुर नगरपालिका नगर कार्यपालिकाको बैठकले पारित गरी नगर प्रमुखबाट प्रमाणिकरण भएको मितिबाट लागु हुनेछ।

## भाग २

२. **परिभाष : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा**

(क) "भारी सवारी साधन" भन्नाले बारुणयन्त्र, रोलर, व्याक हो लोडर, ग्रेडर(क्याटर पिलर) वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, लेवलर लगायत अन्य ठूला सवारी साधनलाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले भद्रपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले यस कार्यविधि अन्तरगत गठित संचालक समितिलाई सम्झनु पर्दछ।

(ङ) "शाखा" भन्नाले भारी सवारी साधन संचालन गर्न तोकिएको शाखा सम्झनु पर्दछ।

(च) "कोष" भन्नाले भारी सवारी साधन संचालनका लागि तोकिएको आर्थिक शिर्षकलाई सम्झनु पर्दछ।

(छ) "चालक" भन्नाले भारी सवारी साधन चलाउने भद्रपुर नगरपालिकाबाट नियुक्त चालकलाई सम्झनु पर्दछ।

(ज) "सेवाग्राही" भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघसस्था, समिति, उपभोक्ता समिति र व्यक्तिलाई सम्झनु पर्दछ।

गणेश गौतम ...

(झ) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिका  नगरप्रमुख सम्झनु पर्छ ।

(ञ) "उपप्रमुख " भन्नाले भद्रपुर नगरपालिका नगरउपप्रमुख भन्ने सम्झनु पर्छ ।

(ट) "प्रमुख प्रसासकिय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाका प्रमुख प्रसासकिय अधिकृत (कार्यलय प्रमुख) सम्झनु पर्छ ।

## भाग ३

## संचालन सम्बन्धि व्यवस्था

**३. भारी सवारी साधन उपलब्ध गराउन सकिने** : (१) सेवाग्राहीले भारी सवारी साधन भाडामा प्राप्त गर्न अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने छ ।

(२) नगरपालिकाबाट उपलब्ध गराइने भारी सवारी साधनको भाडा दर अनुसूची २ बमोजिम हुनेछ ।

(३) सेवाग्राहीले अनुसूची १ बमोजिमको निवेदनमा कार्यालय प्रमुखले तोकादेश गरी तोकिएको शुल्क बुझाएपछि शाखाले अनुसूची ३ बमोजिमको सम्झौता गराई साधन उपलब्ध गराउने छ ।

(४) तत्काल भारी सवारी साधन नगरपालिका स्वयमले प्रयोगमा ल्याउनु पर्ने अवस्था आएमा  शाखाले अभिलेख राखि उपलब्ध गराउन सक्नेछ ।

(५) भाडमा सबारि साधन दिइ अग्रिम दस्तुर बुझाएको भन्दाबढी समय साधनको प्रयोग भएमा नियामानुसार थप दस्तुर बुझाउनु पर्नेछ । यस्तो थप दस्तुर उठाउने दायित्व चालकको हुनेछ ।

(६) लापरवाहीका कारणले भारी सवारी साधनमा कुनै क्षति पुग्न गएमा सोको जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुनेछ ।

(७) विपत्ती,सार्बजनिक हित र नगरपालिकाबाट  आयोजना गरिने विषेश कार्यका सर्न्दभमा भारी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा नगर प्रमुखको स्विकृतिबाट निशुल्क रुपमा भारि सबारि साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

**४. ठेक्कामा लगाउन सकिने** : (१) भद्रपुर नगरपालिकामा रहेका भारी सवारी साधनहरु निश्चित अवधि तोकेर कोही व्यक्ति, संस्था, फर्म, ठेकेदारलाई अनुसूची-४ बमोजिम करार सम्झौता गरी भाडामा दिन सकिनेछ ।

(२) यसरी ठेक्काको माध्यमबाट भाडामा दिँदा कार्यपालिका बैठकबाट वार्षिक न्यूनतम अङ्क तोकी सोहि अङ्कका आधारमा प्रचलित आर्थिक ऐन, ठेक्का बन्देबस्त सम्बन्धि कार्यबिधि अनुसार सर्वोतम अङ्क कबोल गर्नेलाई दिनु पर्नेछ ।

(३) प्रतिस्पर्धा गराइ ठेक्का लगाउदा कबोल अङ्कलाई ३ बराबर किस्तामा बाँडी प्रथम किस्ताको नगद र बाँकी २ किस्ता बराबरको बैक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।यस्तो बैंक ग्यारेन्टीको म्याद ठेक्का समाप्त हुने मितिले ३० दिन पछिसम्मको हुनु पर्नेछ ।

(४) ठेक्कामा दिएको भारी सवारी साधनको मर्मत, इन्धन, अन्य इन्धन, टायर ट्यूब, ब्याट्री, बुस, ब्लेड, लुब्रिकेन्ट, सर्भिसिङ्ग चार्ज र हलो लगायत मर्मतका सम्पूर्ण पार्ट्स कार्यको जिम्मेदार ठेक्का लिने पक्षको हुनेछ ।

(५) ठेक्का अवधी पुरा भएपछि भारी सवारी साधन ठेक्का लिँदाको अवस्थाको जस्तै दुरुस्त पारी बुझाउनु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ ।

(६) भारी सवारी साधन ठेक्कमा लिने व्यक्तिले नगरपालिकाबाट खटाइएको चालकको प्रयोग गर्नु पर्नेछ ।

(७) निज चालकको तलब नगरपालिकाले उपलब्ध गराउनेछ ।

(८) भारी सवारी साधन ठेक्कामा दिंदा चालु अवस्थामा दिइनेछ र ठेकेदारले ठेक्का अवधि समाप्त भएपछि त्यस्तो साधन बुझाउँदा दुरुस्त रुपमा मर्मत गरी बुझाउनु पर्नेछ । सवारी साधनको मर्मत गर्नु पर्ने अवस्था लागत समेतको अनुमान नगरपालिकाले तोकेको मेकानिकल ईन्जिनियर वा अन्य ईन्जिनियरले गरेको अनुमान हुनेछ साथै मर्मत भएका सामाग्रीहरुको अभिलेख सम्पति व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ । ठेक्कामा दिएको साधनको मर्मत सम्बन्धि सुनिश्चितताका लागि नगद रु ५,००,०००।- (पाँच लाख) धरौटी स्वरुप नगरपालिकामा ठेकेदारले अग्रीम जम्मा गर्नु पर्नेछ र तोकिएको समयावधि पछि मर्मत नगरी साधन बुझाएमा धरौटी रकमबाट मर्मत गरिनेछ ।

(९) वार्षिक रुपमा सवारी साधन ठेक्कमा कसैलाई उपलब्ध गराउदा कार्यपालिकाले तोकेको अङ्कलाई न्युनतम अङ्क मानी प्रतिस्पर्दात्मक सूचना प्रकाशन गरी बढी कवोल गर्नेलाई दिन सकिनेछ ।

(१०) ठेक्का अवधि नसकिदै नगरपालिका स्वयमलाई कुनै भारी सवारी साधनको आवश्यक परेमा बढीमा एक महिनासम्मका लागि लिन सकिनेछ । यसरी नगरपालिकाले चलाएको अवधीको रकम दामासाहीले ठेकदारले छुट पाउने छ ।

(११) ठेक्का अवधी समाप्त नहुदै ठेकेदारले भारी सवारी साधन फिर्ता गर्न चाहेमा वा नगरपालिकालाई आवश्यक परी ल्याउनु परेमा एक महिना अगाडी दुबै पक्षबाट लिखित सूचना लिई दिई फिर्ता बुझान र ल्याउन सकिने छ ।

**गणेश पोखरेल**
नगर प्रमुख
भद्रपुर नगरपालिका

## भाग ४

## समिति सम्बन्धि व्यवस्था

**५. भारी सवारी साधन संचालन समितिको गठन :** (१) कार्यविधिले तोके बाहेकका अन्य व्यवस्थापपकिय कार्य र संचालन गर्नका लागि देहाय अनुसारको संचालन समिति रहने छ।

प्रमुख प्रशासकीय अधिकृत ............................................संयोजक

मेकानिकल इन्जिनियर वा बरिष्ठ इन्जिनियर ......................सदस्य

भण्डार शाखा प्रमुख ...................................................सदस्य सचिव

**६. दफा ५ बमोजिमको** समितिको बैठक सम्बन्धि व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ

## भाग ५

## कोषको व्यवस्था

**७. भारी सवारी साधन संचालन कोषको व्यवस्था :** (१) भारी सवारी साधन संचालनका लागि एउटा छुट्टै कोष खडा गरिने छ। उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछ।

(क) नगरपालिकाबाट विनियोजित रकम,

(ख) भारी सवारी साधन प्रयोगबाट प्राप्त हुने दस्तुर,

(ग) विभिन्न निकाय तथा व्यक्तिबाट प्राप्त रकम,

(घ) सवारी साधन संचालन सम्बन्धि खर्च रकम।

**८. कोष संचालनको विधि :** भारी सवारी साधन संचालन कोषको खाता संचालन गर्ने प्रकृया प्रचलित कानून अनुसार प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ।

## भाग ६

## विविध

९ भारी सवारी साधन संचालन गर्दा प्रत्येक साधनको छुट्टाछुट्टै कार्यविधि बनेको भए सोहि अनुसार र नबनेको अवस्थामा यसै कार्यविधि बमोजिम कार्य गर्न सकिनेछ।

१० यस  कार्यविधिमा उल्लेख भए बाहेक अन्य व्यवस्था नगरकार्यपालिकाको निणर्य बमोजिम हुनेछ।

११. यस कार्यविधिमा संसोधन, थपघट, परिमार्जन, व्याख्या तथा खारेज गर्ने अधिकार भद्रपुर नगरकार्यपालिकामा निहित हुनेछ।

१२. यस अघि भारी सवारी साधन सम्बन्धि भए गरेको काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

अनुसूची-१

(बुँदा ३ को (१)सँग सम्बन्धित)

(बारुणयन्त्र, रोलर, ब्याक हो लोडर, ग्रेडर(क्याटर पिलर) वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, ट्याक्टर, लेवलर भाडामा लिने सम्बन्धि निवेदन ढाँचा )

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
भद्रपुर नगरपालिकाको कार्यालय
भद्रपुर, झापा

....................................कामका लागि नगरपालिकाको नियामानुसार मिति.........................................देखि मिति......................................सम्म रोलर, ब्याक हो लोडर, ग्रेडर(क्याटर पिलर) वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, ट्याक्टर, लेवलर उपलब्ध गराई दिन हुन निवेदन पेश गर्दछु ।

रोलर, ब्याक हो लोडर, ग्रेडर(क्याटर पिलर) वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, ट्याक्टर, लेवलर मिति ......................मा कार्य सम्पन्न भएपछि दुरुस्त अबस्थामा नगरपालिकामा फिर्ता पठाउने ब्यहोरा समेत अनुरोध गर्दछु ।.

**निवेदकको पुरा नामथर ,**
**ठेगाना**
**मिति**

**(कार्यालय प्रयोजनका लागि मात्र)**

श्री आर्थिक प्रशासन शाखा
............................निम्न बमोजिम रकम आम्दानी बाध्नु होला ।

भाडामा दिएकोसाधनको विवरण
भाडा दर
जम्मा भाडा रकम
प्रयोग हुने मिति २०८........देखि.........सम्म
राजश्व प्राप्त भएको मिति

उल्लेख भए अनुसार राजश्व जम्मा भएकोले साधन उपलब्ध गराइ दिन पेश गर्दछु।
नाम
पद
मिति

स्विकृत गर्ने अधिकारीको

नाम:
पद
दस्तखत

**गणेश पोखरेल**
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-२

(बुँदा ३ को (१)सँग सम्बन्धित)

भारी सवारी साधन प्रयोग गरे वापतको दस्तुर

| सि.नं. | भारी सवारी साधनको नाम | दररेट इन्धन बाहेक | कैफियत |
|---|---|---|---|
| १ | बारुणयन्त्र, | तोकिए बमोजिम हुने | |
| २ | रोलर, | तोकिए बमोजिम हुने | |
| ३ | ब्याक हो लोडर, | तोकिए बमोजिम हुने | |
| ४ | ग्रेडर(क्याटर पिलर)(प्रतिदिन) | रु १८,०००।- | |
| ५ | वाटर ट्याङ्कर(प्रतिदिन) | तोकिए बमोजिम हुने | |
| ६ | ट्रक, टिृपर, | तोकिए बमोजिम हुने | |
| ७ | लेवलर | तोकिए बमोजिम हुने | |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-३
(बुँदा ३ को (२)सँग सम्बन्धित)

(भद्रपुर नगरपालिका, नगरपालिकाको कार्यालयको स्वामित्वमा रहेका भारी सवारी साधन भाडामा लगाउने कार्य सम्बन्धिसम्झौता पत्रको नमुना

सम्झौता पत्र

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,भद्रपुर झापा (यसपछि प्रथम पक्ष भनिने छ) र .....................................(यसपछि दोस्रो पक्ष भनिने छ) बिचमा भारी सवारी साधन.................. भाडामा लगाउने, लिने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा कार्यन्वयन गर्न गराउन दुबै पक्ष एक आपसमा सहमत भई भद्रपुर नगरपालिकामा बसी यो द्विपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरि दियौ लियौं ।

१. प्रथम पक्षले दोस्रो पक्षलाई ..........................कार्यका लागि मिति ........................देखि मिति ...................................सम्म ................................................भाडामा उपलब्ध गराउनु पर्नेछ ।

२.भद्रपुर नगरपालिका क्षेत्रभित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु ......................मा दोस्रो पक्षले भुक्तान गर्ने गरी दुबै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्यौं ।

३. भारी सवारी प्रयोगको क्रममा दोस्रो पक्षको लापरवाहीबाट दुर्घटना भएको पुष्टी हुन आएमा उक्त क्षतिपुर्ति दोस्रो पक्षले ब्यहोर्ने छ ।

४ भारी सवारी संचालन सम्बन्धि कार्यविधि २०८० मा भएका कुराहरुको अतिरिक्त निम्न लिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

(क) समयमा कार्य सम्पादन हुन नसके भारी सवारी साधन फिर्ता गरी सम्झौता भंग गर्ने ।

(ख) प्रचलित कानून वा खरिद सम्झौता बमोजिम उपलध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषयबस्तुहरुको हकमा नेपालको प्रचलित कानून (सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४) बमोजिम हुनेछ ।

| | |
|---|---|
| **प्रथम पक्षकोतर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
| दस्तखत .......................... | दस्तखत ....................... |
| प्रथम पक्ष | नाम थर.......................... |
| भद्रपुर नगरपालिका, झापा | ठेगाना............................ |

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

अनुसूची-४
(बुँदा ४ को (१)सँग सम्बन्धित)
(ठेक्कामा लगाउने करार सम्झौताको नमूना)

लिखितम् झापा जिल्ला "भद्रपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय( यसपछि प्रथम पक्ष भनिएको) र ......................... जिल्ला ..............................नगरपालिका.............वडा बस्ने श्री ............................को नाती ............................को छोरा ................................वर्ष ..................................को श्री ................................(यसपछि दोस्रो पक्ष भनिएको का विच भद्रपुर नगरपालिका वा पहिलो पक्षको स्वामित्वमा रहेको भारी सवारी साधन .......................... मिति .................देखि ....................सम्मको लागि मासिक रु ....................... मा/वार्षिक रु ...................................बुझ्ने गरी म दोस्रो पक्षले पेश गरेको निवेदन नगरपालिकाबाट स्वीकृत भई ........................ (भारी सवारी साधन) भाडामा दिने निणर्य अनुसार नगरपालिकाको च.नं. ......................मिति.............................. को पत्रानुसार बोलावट भएकाले उपस्थित भएको छु। नगरपालिकाबाट जारी भएको कार्यविधि बमोजिम करार सम्झौतामा मेरो मनोमान राजिखुशीका साथ रेखात्मक र लेखात्मक सहि गरी निम्न उल्लेखित शर्तभित्र रही ............साधन भाडामा लिन मञ्जुर भई भद्रपुर नगरपालिकामा करार सम्झौता पेश गरियो।

**शर्तहरु**

१. पहिलो पक्षको स्वामित्वमा रहेको भारी ससवारी ....................साधन मिति ...............देखि मिति ......................सम्म भाडामा लिन कवोल अङ्क रु ........................आजै दाखिला गरेको छु। साथै बाँकी २ किस्ता वापत मिति ........................सम्म म्याद भएको ..................बैंकको रु ............................को बैक ग्यारेन्टी पेश गरेको छु।

२. ....................तका लागि नगरपालिकाको सूचना अनुसार रु ........................... धरौटी समेत जम्मा गरी प्रमाण पेश गरेको छ।

३. म निवेदकले दुरुस्त हालमा रहेको .................... साधन भाडामा लिएको ठेक्का अवधी समाप्त भए पश्चात पनि दुरुस्त रुपमा मर्मत गरी बुझाउनेछु।

४. ठेक्का अवधिभर ..............साधनको मर्मत, सर्भिसिङ्ग, आवश्यक पार्टपुर्जा आफै खरिद गरी प्रयोग गर्नेछु।

५. ठेक्का अवधि बिचमा केही दिन नगरपालिकालाई सो सवारी चाहिएमा दिनेछु तर दामासाहिले रकम नगरपालिकाले फिर्ता गर्नु पर्नेछ।

६. ठेक्का अवधि समाप्त नहुदैं बिचमा नै सवारी साधन फिर्ता लिनु पर्ने भएमा १ महिना अगावै सूचना लिई दिई फिर्ता गर्न सकिनेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

७. ठेक्का अवधिभर भारी सवारी साधन चलाउने अपरेटर नगरपालिकाले नै पठाउनेछ र निजले पाउने तलबबलकाले नै व्यहोर्नेछ तर चालकको खाना र बासको व्यवस्था ठेकेदारको तर्फबाट हुनेछ ।

८. एक ठेकदार (दोस्रो पक्ष) ले सवारी साधन भाडामा लिएपछि निजले दोस्रो, तेस्रो व्यक्तिलाई पुनः ठेक्का दिन पाउने छैन । यस प्रकार सवारी चलाउनु नै पर्ने अवस्था आए भएमा पहिलो पक्षको स्वीकृति अनिवार्य हुनेछ ।

९. पहिलो पक्षको भारी सवारी साधन संचालन समितिले कार्यस्थल, समय, सवारीको अवस्था आदिका बारेमा निरिक्षण अनुगमन गर्न सक्नेछ र सो सबै देखाउनु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

१०. उल्लेखित शर्तमा अतिरिक्त अन्य शर्तहरु प्रचलित ऐन कानून र करार कानून बमोजिम हुनेछ ।

**पुनश्च : पहिलो पक्ष र दोस्रो पक्ष बिचको सम्झौता गर्दा आवश्यक पर्ने अन्य आवश्यक शर्तहरु थपघट गर्न बाधा पर्ने छैन ।**

आज्ञाले

टेककुमार रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

गणेश पोखरेल

नगर प्रमुख

भद्रपुर नगरपालिका